# मन्थली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

प्रदेश नं. ३, नेपाल

# शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

सूचना नं. MM/WORKS/NCB/04/074/075

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५।०२।०३)

यस कार्यालय अन्र्तगत तपसिलमा उल्लेखित भवनको पहिलो तलासम्मको निर्माण कार्य शिलबन्दी बोलपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी बोलपत्र आव्हान गरिन्छ।

१. बोलपत्र कागज यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (२०७५।०३।०१) को कार्यालय समय भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट तपसिल बमोजिम नगदै दस्तुर तिरी वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक मन्थलीस्थित संचित कोष खाता नं. १६८०३०४०१८१०२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. बोलपत्र खरिदका लागि निवेदन पेश गर्दा निवेदन साथ उद्योग/व्यवसाय दर्ता/नवीकरण प्रमाणपत्र, ठेक्का (इजाजत) प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७३।०७४ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न गरी पेश गर्नु पर्नेछ।

३. खरिद भएको शिलवन्दी बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी नियमानुसार यो सूचना प्रकाशित भएको मितिले ३१ (औं) दिन (२०७५।०३।०३ गत) दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ। दाखिला हुन आएका बोलपत्रपत्रहरु सोही दिन दिनको १:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न वा बुझाउन सकिने छ।

५. बोलपत्रको खाम बाहिर ठेक्का नम्बर, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना र फोन नं (घरको, मोवाईलको) स्पष्ट खोली यस कार्यालयलाई सम्बोधन गरी सो खामलाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ साथै शिलबन्दी बोलपत्रसाथ दफा नं. २ मा उल्लेखित कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। शिलवन्दी बोलपत्र, बोलपत्र खोलिएको मितिबाट ९० दिन अवधिका लागि मान्य हुनेछ।

६. बोलपत्रसाथ तपसिल बमोजिम धरौटी वा जमानत बापतको रकम (मूल्य अभिवृद्धि कर समेत) रा.वा.बैंक शाखा कार्यालय मन्थलीस्थित धरौटी खाता नं. १६८०३०३००७१०२ मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ठेक्का नं. र कार्य प्रयोजन खुलेको, पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको जमानी पत्र (बिडबण्ड) पेश गर्नु पर्ने छ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत बापतको रकम फिर्ता गरिनेछ।

७. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ।

८. बोलपत्रदाताले पेश गरेको बोलपत्र निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरी पेश गरेको मानिने छ।

९. एउटा फर्मका नामबाट खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन।

१०. संयुक्त उपक्रम (जे.भी.) मा काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धि सम्झौता सक्कल प्रति पेश गर्नुपर्नेछ। संयुक्त उपक्रममा साझेदारको संख्या ३ भन्दा बढी भएमा स्वीकार गरिने छैन।

११. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त बिपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन तथा बोलपत्र आंशिकरुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यो सूचना यस कार्यालयको वेबसाइट www.manthalimun.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ।

१३. यस बोलपत्र सम्बन्धि केही कुरा संशोधन गर्नु परेमा यस कार्यालयको वेबसाईटमा प्रकाशन र सूचनापाटीमा टाँस गरिनेछ।

१४. यस सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ।

शिलवन्दी बोलपत्र सम्वन्धि कार्यको विवरण :

| सि.नं | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (कन्टिन्जेन्सी र भ्याट बाहेक) रु | बोलपत्र जमानत रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | MM/WORKS/NCB/04/074/075 | मन्थली नगरपालिका कार्यालय भवन निर्माण पहिलो तल्लासम्म | ५०,५६,८१०।६८ | १,५८,०००। | ३,०००।- |

प्रमुख प्रशासकीय अधिकृत